# स्थानीय तहमा वित्तिय हस्तान्तरण भएका सशर्त अनुदान कार्यक्रमहरुको कार्यक्रम कार्यान्वयन मार्गदर्शन पुस्तिका

## आ.व.२०८३/०८४

मानननीय मन्त्रीस्तरको मिति २०८३/०५/०९ गतेको निर्णय अनुसार स्वीकृत

(सामाजिक विकास महाशाखा तर्फ)

कोशी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय,

विराटनगर, नेपाल

सशर्त अनुदानको कार्यान्वयनका शर्तहरू:

१. स्थानीय तहमा पठाईएको सशर्त अनुदान रकम खर्च गर्दा जुन कार्यक्रमका लागि अनुदान पठाईएको हो सो कार्यक्रमका लागि मात्र खर्च गर्नु पर्नेछ।

२. अनुदान कार्यक्रमको हकमा अनुदान रकम खर्च गर्दा प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली, सार्वजनिक खरिद ऐन नियमावली तथा कोशी प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययितासम्बन्धी निर्देशिका, २०७९ को पूर्ण रूपमा पालना गर्नुपर्नेछ। समग्र वित्त अनुशासन कायम गर्ने र कार्यक्रमको उद्देश्य अनुसार लक्ष्य प्राप्ति हुने गरी प्रचलित आर्थिक कानुन अनुसार खर्च गर्ने, लेखाङ्कन गर्ने, प्रतिवेदन गर्ने र सोको आन्तरिक तथा अन्तिम लेखापरीक्षण र लेखापरीक्षणमा कायम भएका बेरूजु फछ्यौंट गर्नु गराउनुपर्नेछ।

३. यसरी गरिएको आर्थिक कारोबारको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी मन्त्रालयको आर्थिक प्रशासन शाखा र सामाजिक विकास महाशाखामा उपलब्ध गराउनुपर्ने छ।

४. कार्यक्रमको खर्च भुक्तानी गर्दा अनिवार्यरूपमा सम्बधित व्यक्ति/फर्म/संस्थाको बैंक खातामार्फत मात्र भुक्तानी गर्नुपर्ने छ।

५. स्वीकृत बजेट तथा कार्यक्रमका क्रियाकलापहरू,कार्यक्रमको उद्देश्य र नतिजा प्राप्त हुने गरी मितव्ययी रुपमा सञ्चालन गर्नुपर्ने छ।

६. चालु आ.व २०८३/८४को लागि विनियोजित रकममध्ये आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३० (१) अनुसार आ.व. समाप्त हुनुअघि भुक्तानी गरीबाँकी बचत रकम प्रदेश सञ्चित कोषमा आ.व. २०८३/८४ को असार मसान्तभित्रै दाखिला गरी निकासा र खर्च बराबर बनाउनु पर्नेछ।

७. सम्बन्धित स्थानीय तहले अनुदान प्राप्त संस्थाको अनुगमन गरी कार्य प्रगतिको आधारमा एकमुष्ट वा किस्ता किस्ता गरी अनुदान खर्च निकासा गर्नुपर्ने छ।

८. साझेदारी गर्नुपर्ने विषयका कार्यक्रममा सम्बन्धित स्थानीय तहले विनियोजित रकममा अनिवार्य लागत साझेदारी गर्नु पर्नेछ।

९. संघसंस्थाहरुले कार्यक्रम कार्यान्वयनका लागि किटान नगरिएको कार्यक्रमको हकमा संस्थाको आवश्यकताहरुको प्राथमिकिकरण गरी समितिको निर्णय सहितको प्रस्ताव पत्र सम्बन्धित स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले प्रस्ताव अध्ययन प्रश्चात कार्यक्रम स्वीकृत गरी सम्बन्धित संघसंस्थासँग सम्झौता गरी कार्यक्रम सम्पन्न गर्नु पर्नेछ।

१०.अनुदान प्राप्त संस्थाले प्रत्येक त्रैमासिक र वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तहमा र सम्बन्धित स्थानीय तहले मन्त्रालयमा पेश गर्नु पर्नेछ।

११.स्वीकृत कार्यक्रमको नियमित कार्यान्वयन एवं अनुगमनको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ। साथै, आवश्यकता र सम्भव भएसम्म सामाजिक विकास मन्त्रालयबाट समेत अनुगमन गरिनेछ।

## १. सामाजिक न्याय तथा संघसंस्था समन्वय शाखा

### १.१ बालगृह, बाल विकास लगायत कार्यक्रम( भवन निर्माण/मर्मत सम्भार)

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट रु हजारमा | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| विभिन्न | ४ | २३०० | प्रथम |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशबाट आ.व. २०८३/०८४ का लागि अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत कोशी प्रदेशका स्थानीय तहहरुमा सशर्त अनुदानका रुपमा कार्यक्रमहरु कार्यान्वयन गर्न कार्यक्रमगत एकमुष्ट बजेट विनियोजन गरी सम्बन्धित स्थानीय तहमा पठाइएको छ। |
| उद्देश्य | • बालगृह, बाल विकास केन्द्रहरुको भौतिक अवस्थामा सुधार गर्नु।<br>• बालगृह, बाल विकास सँग सम्बन्धित संरचनाहरुको निर्माण, संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा प्रवर्द्धन गर्नु। |
| कार्यान्वयन प्रक्रिया | • स्थानीय तहले सोझै कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा कार्यपालिकाको निर्णय गरी कार्यक्रम कार्यान्वयन गर्ने।<br>• अनुदान प्राप्त गर्ने संघसंस्थाहरुले कार्यक्रम सञ्चालनका लागि किटान गरिएको कार्यक्रमको निर्दिष्ट कार्य सम्पादनका लागि सम्बन्धित कार्यको नक्सा, ड्रइङ, डिजाइन (आवश्यक पर्ने भएमा) प्राविधिक लागत अनुमान, समितिको निर्णय सहितको प्रस्ताव पत्र सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने,<br>• संघसंस्थाहरुले कार्यक्रम कार्यान्वयनका लागि किटान नगरिएको कार्यक्रमको हकमा संस्थाको आवश्यकताहरुको प्राथमिकीकरण सहित भौतिक निर्माण कार्य भए सो कार्यको नक्सा, ड्रइङ, डिजाइन, (आवश्यक पर्ने भएमा) प्राविधिक लागत अनुमान, समितिको निर्णय सहितको प्रस्ताव पत्र सम्बन्धित स्थानीय तहमा पेश गर्ने,<br>• पेश भएका कागजात र आवश्यकताका आधारमा स्थानीय तहले प्रस्ताव-पत्र, लागत अनुमान सहित कार्यक्रम स्वीकृत गरी सम्बन्धित संघसंस्थासँग सम्झौता गरी स्थानीय तहका प्राविधिकको रेखदेखमा कार्यक्रम सम्पन्न गर्ने |
| मुख्य जिम्मेवारी | • सम्बन्धित स्थानीय तह, सम्बन्धित संघसंस्था, सामाजिक विकास मन्त्रालय। |
| प्रगति सूचक | • बाल गृह तथा बाल सेवा आश्रम सम्बन्धी भौतिक पूर्वाधारका संरचना निर्माण र मर्मत संभार भएका संरचनाका सम्भव भए सम्म अडियो, भिडियो रेकर्ड तथा प्रगति प्रतिवेदन। |

| अपेक्षित उपलब्धि | • बालगृह, बाल विकास केन्द्रहरुको भौतिक अवस्थामा सुधार भएको हुने।<br>• बालगृह, बाल विकाससँग सम्बन्धित संरचनाहरुको निर्माण, संरक्षण, संवर्द्धन, व्यवस्थापन भएको हुने। |
|---|---|

**स्थानीय तहमा वित्तिय हस्तान्तरण गरी पठाइएका कार्यक्रम विवरणः**

| क्र.स. | जिल्ला | स्थानीय तह | क्रियाकलाप नं. | कार्यक्रम | बजेट (रु हजारमा) |
|---|---|---|---|---|---|
| १ | झापा | अर्जुनधारा नगरपालिका | ११.१.३.३५०२ | ग्रामिण सेवा सामुदायिक क्लबको भवन तथा बालबालिका केन्द्रको पुरानो भवन निर्माण, अर्जुनधारा –६ | ५०० |
| २ | झापा | दमक नगरपालिका | ११.१.३.४१४३ | वाल विकास भवन निर्माण दमक ६, झापा | ६०० |
| ३ | संखुवासभा | सभापोखरी गाउँपालिका | ११.१.३.३६७४ | नवज्योती यूवा क्लबको भवन मर्मत तथा समान खरिद, सभापोखरी वडा नं १ संखुवासभा | ७०० |
| ४ | सुनसरी | दुहवी नगरपालिका | ११.१.३.४६२८ | वालगृह अनाथ आश्रम पुर्वाधार विकास दुहवी ५ | ५०० |

**<u>१.२ बालकल्याण गृह सञ्चालन व्यवस्थापन अनुदान (लागत साझेदारी) कार्यक्रम</u>**

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट रु हजारमा | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| देहाय बमोजिम | १३ | ४३०० | प्रथम |

| **विषयक्षेत्र** | विवरण |
|---|---|
| **पृष्ठभूमि** | नेपालको संविधानले बालअधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको र बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिका रुपमा मान्यता दिएको छ। विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण लगायत आधारभूत अधिकार सुनिश्चित गर्नु तीनै तहका सरकारको दायित्व रहेको हुँदा सामाजिक विकास मन्त्रालय कोशी प्रदेशबाट प्रचलित कानून बमोजिम दर्ता भई यस मन्त्रालयमा सूचीकृत भएका विभिन्न स्थानीय तहहरुमा सञ्चालनमा रहेका बालकल्याण गृहहरु, सडक बालबालिका संरक्षण तथा व्यवस्थापन जस्ता बालबालिकाको संरक्षणको कार्यमा सहयोग पुर्याउने उद्धेश्य अनुरुप संस्थागत |

| | |
|---|---|
| | अनुदान प्रदान गर्न यस चालु आ.व. मा तोकिएका स्थानीय तहहरुमा देहायमा उल्लिखित प्रक्रिया अनुसार कार्यक्रम कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण मार्फत कार्यक्रम पठाईएको छ। |
| उद्देश्य | • स्थानीय तहमा सञ्चालित बाल कल्याण गृहमा आश्रित बालबालिकाहरूको खाद्यान्न, शिक्षा, स्वास्थ्य र सुरक्षित आवास जस्ता आधारभूत आवश्यकताहरूको सुनिश्चितता गर्नु।<br>• विशेष संरक्षणको आवश्यकता भएका एवं जोखिममा परेका बालबालिकाको संरक्षण र व्यवस्थापन गर्ने संस्थाहरूको संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउनु। |
| कार्यान्वयन प्रक्रिया | • तँहा स्थानीय तह सञ्चालित बालकल्याण गृहहरुको Roaster (नामावली) तयार गरी आवश्यकता बमोजिमका गृहहरुलाई अनुदान प्रदान गर्ने।<br>• अनुदान प्राप्त संस्थाबाट पेश भएको प्रस्ताव तथा आवश्यक कागजात अध्ययन गरी स्थानीय तहले कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने/गराउने।<br>• कुल बजेटको ४०% प्रशासनिक तथा पुर्वाधार कार्यका लागि र ६०% रकम बालबालिकाको प्रत्यक्ष हित, स्वास्थ्य र हेरचाहका लागि (खाद्यान्न, लता कपडा, शिक्षा, स्वास्थ्य उपचार मनोरञ्जन तथा सूचना सहित) खर्च गर्ने। |
| सम्बद्ध निकाय | सम्बन्धित स्थानीय तह, सम्बन्धित बाल कल्याण गृहहरु र सामाजिक विकास मन्त्रालय। |
| प्रगति सूचक | प्रगति प्रतिवेदन |
| अपेक्षित उपलब्धि | • खाद्यान्न, शिक्षा, स्वास्थ्य, आवास जस्ता आधारभुत आवश्यकता पुरा भएको हुने।<br>• विशेष संरक्षणको आवश्यकता भएका एवम जोखिममा परेका बालबालिकाको संरक्षणको कार्यमा सहयोग पुगेको हुने। |

**प्रदेश र स्थानीय तहको लागत साझेदारीमा बालकल्याण गृह सञ्चालन व्यवस्थापन अनुदान प्राप्त स्थानीय तह विवरणः**

| क्र.स. | जिल्ला | स्थानीय तह | बजेट (रु हजारमा) |
|---|---|---|---|
| १ | मोरङ्ग | विराटनगर महानगरपालिका | ४०० |
| २ | मोरङ्ग | उर्लाबारी नगरपालिका | ४०० |
| ३ | सुनसरी | इटहरी उपमहानगरपालिका | ४०० |
| ४ | सुनसरी | दुहबी नगरपालिका | २०० |
| ५ | सुनसरी | धरान उपमहानगरपालिका | ३०० |

| | | | |
|---|---|---|---|
| ६ | झापा | अर्जुनधारा  नगरपालिका | ५५० |
| ७ | झापा | कन्काई नगरपालिका | ६०० |
| ८ | झापा | दमक नगरपालिका | ३०० |
| ९ | झापा | विर्तामोड नगरपालिका | २०० |
| १० | धनकुटा | धनकुटा नगरपालिका | २५० |
| ११ | इलाम | इलाम नगरपालिका | २०० |
| १३ | उदयपुर | त्रियुगा नगरपालिका | २०० |

## १.३. बाल हेल्पलाईन १०९८ लाई सञ्चालन तथा व्यवस्थापन अनुदान

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट रु हजारमा | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| २.७.३०.६ | ५ | १५०० | पहिलो |

| **विषयक्षेत्र** | विवरण |
|---|---|
| **पृष्ठभूमि** | कोशी प्रदेशभित्र रहेका जोखिममा परेका, बेवारिसे, अलपत्र, हिंसा वा श्रम शोषणमा परेका बालबालिकाहरूको तत्काल उद्धार, संरक्षण, परामर्श र पुनर्स्थापनाका लागि "बाल हेल्पलाइन १०९८" (Child Helpline 1098) एक उदाहरणीय र चौबीसै घण्टा सञ्चालन हुने आकस्मिक सेवा हो। प्रदेश सरकार स्थापना सँगै सामाजिक विकास मन्त्रालयले बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि यो सेवा सञ्चालन गर्ने संस्थाहरूलाई अनुदान उपलब्ध गराउँदै आएको छ। यसै निरन्तरता स्वरूप आ.व. २०८३/०८४ मा समेत मन्त्रालयमा सूचीकृत भई सञ्चालनमा रहेका बाल हेल्पलाइन सेवाहरूलाई सम्बन्धित स्थानीय तहमार्फत सञ्चालन तथा व्यवस्थापन अनुदान उपलब्ध गराई यस सेवालाई थप प्रभावकारी, निरन्तर र पारदर्शी बनाउने उद्देश्यले बजेट विनियोजन गरी सम्बन्धित स्थानीय तहमा पठाइएको छ। |
| **उद्देश्य** | • कोशी प्रदेशमा जोखिममा परेका बालबालिकाहरूका लागि २४-सै घण्टा निःशुल्क आकस्मिक फोन सेवा (१०९८) र उद्धार संयन्त्रलाई निरन्तरता दिनु।<br>• पीडित बालबालिकाहरूको तत्काल उद्धार, मनोसामाजिक परामर्श, अस्थायी संरक्षण (Emergency Shelter) र पारिवारिक वा सामाजिक पुनर्स्थापना सुनिश्चित गर्नु।<br>• बाल हेल्पलाइन सञ्चालन गर्ने संस्थाहरूको प्रशासनिक तथा व्यवस्थापकीय क्षमता सुदृढ गर्दै बाल अधिकारको प्रत्याभूति गराउनु। |
| **कार्यान्वयन प्रक्रिया** | • तँहा स्थानीय तहमा कार्यरत १०९८ को Roaster (नामावली) तयार गरी आवश्यकता बमोजिमका बालहेल्प लाईनलाई अनुदान प्रदान गर्ने।<br>• अनुदान प्राप्त संस्थाबाट पेश भएको प्रस्ताव तथा आवश्यक कागजातको अध्ययन पश्चात सम्बन्धित स्थानीय तहले कार्यक्रम स्वीकृत गरी |

| | |
|---|---|
| | कार्यान्वयन गर्ने/गराउने।<br>• अनुदानबाट आ.व. २०८३।८४ मा उद्धार, संरक्षण, पुनर्मिलन, खाद्यान्न, शिक्षा, स्वास्थ्य, मनोविमर्श सेवा लगायतका शीर्षकमा राष्ट्रिय बाल अधिकार परिषद्सँग दोहोरोपन नपर्ने गरी खर्च गर्नुपर्नेछ।<br>• बाल हेल्पलाइन १०९८ सेवालाई चौबीसै घण्टा चुस्त र व्यवस्थित रूपमा सञ्चालन गर्न कुल बजेटको ४०% प्रशासनिक तथा पुर्वाधार कार्यका लागि र ६०% रकम जोखिममा परेका बालबालिकाहरूको प्रत्यक्ष हित, उद्धार र संरक्षणका लागि (खाद्यान्न, लता कपडा, शिक्षा, स्वास्थ्य उपचार सहित) खर्च गर्ने। |
| **सम्बद्ध निकाय** | सम्बन्धित स्थानीय तह, सम्बन्धित बाल हेल्प लाईन, १०९८ र सामाजिक विकास मन्त्रालय। |
| **प्रगति सूचक** | प्रगति प्रतिवेदन |
| **अपेक्षित उपलब्धि** | • बालबालिकालाई आपतकालीन अवस्थामा तुरुन्तै आवश्यक सहयोग पुगेको हुने।<br>• जोखिममा परेका बालबालिकाहरु पुनःस्थापना, संरक्षण लगायतका सेवासँग जोडिएको हुने। |

**अनुदान कार्यक्रम प्राप्त स्थानीय तह विवरणः**

| क्र.स. | जिल्ला | स्थानीय तह | बजेट (रु हजारमा) |
|---|---|---|---|
| १ | मोरङ्ग | विराटनगर महानगरपालिका | ४०० |
| २ | सुनसरी | इटहरी उपमहानगरपालिका | ४०० |
| ३ | इलाम | इलाम नगरपालिका | ३०० |
| ४ | संखुवासभा | खाँदबारी नगरपालिका | २०० |
| ५ | उदयपुर | त्रियुगा नगरपालिका | २०० |

**१.४ बृद्धाश्रम सञ्चालन तथा व्यवस्थापन अनुदान (साझेदारी) कार्यक्रमः**

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट रु हजारमा | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| देहाय बमोजिम | ८ | २४०० | पहिलो |

| **विषयक्षेत्र** | विवरण |
|---|---|
| **पृष्ठभूमि** | प्रदेश सरकार स्थापना सँगै सामाजिक विकास मन्त्रालयले विभिन्न प्रकृतिका ज्येष्ठ नागरिकसँग सम्बन्धित वृद्धाश्रमहरूलाई अनुदान उपलब्ध गराउँदै आएको छ। यसै निरन्तरता स्वरूप आ.व. २०८३/०८४ मा समेत यस मन्त्रालयमा सूचीकृत, |

| | |
|---|---|
| | नवीकरण भई सञ्चालनमा रहेका वृद्धाश्रमहरूलाई स्थानीय तहमार्फत सञ्चालन अनुदान उपलब्ध गराई संस्थागत सुदृढीकरण र व्यवस्थापनमा सहजता प्रदान गर्ने उद्देश्यले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार यो मार्गदर्शन जारी गरिएको छ। |
| **उद्देश्य** | • वृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकहरूलाई पौष्टिक आहार, उचित स्वास्थ्य उपचार, सरसफाइ तथा मनोरञ्जनसहितका आधारभूत मानवोचित सुविधाहरू सुनिश्चित गर्नु।<br>• लक्षित संस्थाहरूको प्रशासनिक तथा व्यवस्थापकीय क्षमता सुदृढ गर्दै ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण गर्नु। |
| **कार्यान्वयन प्रक्रिया** | • तँहा स्थानीय तहमा सञ्चालित बृद्धाश्रमको Roaster (नामावली) तयार गरी आवश्यकता बमोजिमका बृद्धाश्रमलाई अनुदान प्रदान गर्ने।<br>• अनुदान प्राप्त संस्थाबाट पेश भएको प्रस्ताव तथा आवश्यक कागजातको अध्ययन पश्चात सम्बन्धित स्थानीय तहले कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने/गराउने।<br>• ज्येष्ठ नागरिकको सर्वोत्तम हितलाई ध्यानमा राख्दै संस्था सञ्चालनलाई व्यवस्थित बनाउन कुल बजेटको अधिकतम ४०% प्रशासनिक तथा पुर्वाधार कार्यका लागि र ६०% रकम आश्रित ज्येष्ठ नागरिकहरूको प्रत्यक्ष हित, स्वास्थ्य र हेरचाहका लागि (खाद्यान्न, लता कपडा, शिक्षा, स्वास्थ्य उपचार मनोरञ्जन तथा सूचना सहित) खर्च गर्ने। |
| **सम्बद्ध निकाय** | सम्बन्धित स्थानीय तह, सम्बन्धित वृद्धाश्रम र सामाजिक विकास मन्त्रालय। |
| **प्रगतिसूचक** | प्रगति प्रतिवेदन। |
| **अपेक्षितउपलब्धि** | वृद्वाश्रममा बसोबास गर्ने वृद्ध व्यक्तिहरुलाई पौष्टिक आहार, स्वास्थ्य उपचार, सरसफाइ तथा मनोरञ्जनसहितका आधारभुत सुविधा उपलब्ध भएको हुने। |

**प्रदेश र स्थानीय तहको लागत साझेदारीमा बृद्धाश्रम सञ्चालन तथा व्यवस्थापन अनुदान कार्यक्रम प्राप्त स्थानीय तह विवरणः**

| क.स. | जिल्ला | स्थानीय तह | बजेट रु हजारमा |
|---|---|---|---|
| १ | मोरङ्ग | विराटनगर महानगरपालिका | ३०० |
| २ | मोरङ्ग | बुढीगंगा गाँउपालिका | ३०० |
| ३ | सुनसरी | इटहरी उपमहानगरपालिका | ३०० |
| ४ | धनकुटा | धनकुटा नगरपालिका | ३०० |
| ५ | संखुवासभा | खाँदबारी नगरपालिका | ३०० |
| ६ | पाँचथर | फिदिम नगरपालिका | ३०० |
| ७ | इलाम | इलाम नगरपालिका | ३०० |

| | | | |
|---|---|---|---|
| ८ | झापा | बिर्तामोड नगरपालिका | ३०० |

## १.५ ज्येष्ठ नागरिकका ज्ञानसीप नवपुस्तामा पुस्तान्तरण कार्यक्रम (साझेदारी)

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट (रु हजारमा) | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| २.७.३०.११ | १४ | १४०० | दोस्रो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| **पृष्ठभूमि** | ज्येष्ठ नागरिकहरु राष्ट्रका अमूल्य निधि र सँस्कृतिका धरोहर हुन। प्रदेशको समृद्धिका लागि उनीहरुको ज्ञान, सीप र अनुभवलाई राज्यले सही सदुपयोग गरी उनीहरुको सम्मान गर्नु अपरिहार्य हुन्छ। ज्येष्ठ नागरिकहरुमा हुने एक्लोपन हटाउन तथा वर्तमान पुस्ताहरुमा ज्येष्ठ नागरिकहरु बोझ नभई आत्मसम्मान र गौरवका धरोहर हुन भन्ने सन्देश दिदै ज्येष्ठ नागरिकहरुप्रति सम्मान जगाउनका लागि यस आ.व. २०८३/०८४ मा ज्येष्ठ नागरिकको ज्ञानसीप नवपुस्तामा पुस्तान्तरण कार्यक्रममा बजेट गरी १४ वटा स्थानीय तहमा पठाइएको छ। |
| **उद्देश्य** | • ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई नवपुस्ता माझ प्रस्तुत गराई बालबालिका र युवा पुस्तामा पुस्तान्तरणको खाडल (Generation gap) लाई न्यूनीकरण गर्नु<br>• ज्येष्ठ नागरिकमा रहेको ज्ञान र अनुभवको सिकाइबाट नवपुस्ताले समाजमा नैतिकता, संस्कार र सँस्कृतिको जगेर्ना गर्नु। |
| **कार्यान्वयन प्रक्रिया** | • स्थानीय तहले सोझै कार्यान्वयन गर्नुपर्ने कार्यक्रमको हकमा पालिकाले आवश्यकता पहिचान गरी कार्यपालिकाबाट निर्णय गरी कार्यक्रम कार्यान्वयन गर्नुर्नेछ।<br>• विद्यालयमा कक्षा ८-१२ का छात्रछात्रालाई ज्येष्ठ नागरिकका ज्ञान तथा अनुभव प्रस्तुत गर्दै नवपुस्ता र ज्येष्ठ नागरिक बीचमा सामिप्यता बढाउने विषयमा समेत प्रस्तुत गर्दै यो कार्यक्रम सञ्चालन गर्ने।<br>• विद्यालय छनोट पालिकाले गर्ने।<br>• ज्येष्ठ नागारिकका क्षेत्रमा कार्य गर्ने अनुभवी संस्थाको ज्येष्ठ नागरिकसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने। |
| **सम्बद्ध निकाय** | सम्बन्धित स्थानीय तह र सामाजिक विकास मन्त्रालय। |
| **प्रगतिसूचक** | कार्य सम्पन्न प्रतिवेदन र प्रगति विवरण। |
| **अपेक्षितउपलब्धि** | • ज्येष्ठ नागरिकमा रहेको ज्ञान र अनुभवलाई नवपुस्ता माझ प्रस्तुत गराई बालबालिका र युवा पुस्तामा पुस्तान्तरणको खाडल न्यूनीकरण भएको हुने।<br>• ज्येष्ठ नागरिकमा रहेको ज्ञान र अनुभवको सिकाइबाट नवपुस्ताले समाजमा नैतिकता, संस्कार र सँस्कृतिको जगेर्ना भएको हुने। |

प्रदेश र स्थानीय तहको लागत साझेदारीमा ज्येष्ठ नागरिकका ज्ञानसीप नवपुस्तामा पुस्तान्तरण कार्यक्रम (साझेदारी) प्राप्त स्थानीय तह विवरणः

| क्र.स. | जिल्ला | स्थानीय तह | बजेट (रु हजारमा) |
|---|---|---|---|
| १ | ताप्लेजुङ | फुङलिङ नगरपालिका | १०० |
| २ | पाँचथर | फिदिम नगरपालिका | १०० |
| ३ | इलाम | इलाम नगरपालिका | १०० |
| ४ | संखुवासभा | खाँदबारी नगरपालिका | १०० |
| ५ | तेह्रथुम | म्याङलुङ नगरपालिका | १०० |
| ६ | धनकुटा | धनकुटा नगरपालिका | १०० |
| ७ | भोजपुर | भोजपुर नगरपालिका | १०० |
| ८ | खोटाङ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | १०० |
| ९ | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका | १०० |
| १० | ओखलढुङ्गा | सिद्धिचरण नगरपालिका | १०० |
| ११ | उदयपुर | त्रियुगा नगरपालिका | १०० |
| १२ | झापा | भद्रपुर नगरपालिका | १०० |
| १३ | सुनसरी | इनरुवा नगरपालिका | १०० |
| १४ | मोरङ्ग | विराटनगर महानगरपालिका | १०० |

## १.६ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन अनुदान (साझेदारी) कार्यक्रम

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट (रु हजारमा) | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| २.७.३०.३ | ९ | २५०० | पहिलो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | प्रदेश सरकार स्थापनासँगै सामाजिक विकास मन्त्रालयले ज्येष्ठ नागरिकहरूको सक्रिय, मर्यादित र सुखद जीवनयापनका लागि विभिन्न स्थानीय तहहरूमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरू सञ्चालन तथा व्यवस्थापनमा अनुदान उपलब्ध गराउँदै आएको छ। यसै निरन्तरता स्वरूप आ.व. २०८३/०८४ मा समेत यस मन्त्रालयमा सूचीकृत, नवीकरण भई सञ्चालनमा रहेका दिवा सेवा केन्द्रहरूलाई स्थानीय तहमार्फत सञ्चालन तथा व्यवस्थापन अनुदान उपलब्ध गराई संस्थागत सुदृढीकरण, पूर्वाधार सुधार र व्यवस्थापनमा सहजता प्रदान गर्ने उद्देश्यले यस कार्यक्रममा बजेट विनियोजन गरी सम्बन्धित स्थानीय तहमा पठाइएको छ। |
| उद्देश्य | • ज्येष्ठ नागरिकहरूबिच अनुभव आदानप्रदान, मनोरञ्जन, ध्यान/योग र स्वास्थ्य परामर्शका लागि उपयुक्त वातावरण सिर्जना गर्नु।<br>• दिवा सेवा केन्द्रमा आउने ज्येष्ठ नागरिकका लागि खाजा, सरसफाइ र |

| | |
|---|---|
| | धार्मिक/सांस्कृतिक गतिविधिसहितका आधारभूत सुविधाहरू सुनिश्चित गर्नु। |
| कार्यान्वयन प्रक्रिया | • स्थानीय तहले सोझै कार्यान्वयन गर्नुपर्ने कार्यक्रमको हकमा सम्बन्धित पालिकाले आवश्यकता पहिचान गरी कार्यपालिकाबाट निर्णय गराई कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।<br>• सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको Roaster (नामावली) तयार गरी आवश्यकता बमोजिमका दिवा सेवा केन्द्रकोलाई अनुदान प्रदान गर्ने।<br>• अनुदान प्राप्त संस्थाबाट प्राप्त प्रस्ताव तथा आवश्यक कागजात अध्ययन पश्चात स्थानीय तहले कार्यक्रम स्वीकृत गरी सम्बन्धित संस्थासँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।<br>• अनुदान रकमबाट दिवा सेवा केन्द्रले सो केन्द्रमा सहभागी हुने ज्येष्ठ नागरिकहरूका लागि दैनिक पौष्टिक खाजा, फलफूल, चिया/दूध तथा उमेर अनुकूलको आहार सामग्री, प्राथमिक उपचार सामग्री, योग/ध्यान प्रशिक्षक वा स्वास्थ्य परामर्श, नियमित स्वास्थ्य जाँच (ब्लड प्रेसर, सुगर आदि) र आवश्यक औषधि खर्च, श्रव्यदृश्य सामग्री (टिभी, म्युजिक सिस्टम/रेडियो), पत्रपत्रिका, धार्मिक/चेतनामूलक पुस्तक, भजन-किर्तन वा इन्डोर खेलकुद (क्यारमबोर्ड, चेस आदि) सामग्री, सफा खानेपानी, दिवा सेवा केन्द्रमा बस्नका लागि आरामदायी कुर्ची, सोफा, म्याट/दरा, भान्सा/चिया पकाउने भाँडाकुँडा र खाजा खाने टेबलमा खर्च गर्ने/गराउनु पर्नेछ। |
| **मुख्य जिम्मेवारी** | सम्बन्धित स्थानीय तह, सम्बन्धित दिवा सेवा केन्द्र, सामाजिक विकास मन्त्रालय। |
| **प्रगतिसूचक** | प्रगति प्रतिवेदन। |
| **अपेक्षितउपलब्धि** | • ज्येष्ठ नागरिकहरूबिच अनुभव आदानप्रदान, मनोरञ्जन, ध्यान/योग र स्वास्थ्य परामर्शका लागि उपयुक्त वातावरण सिर्जना भएको हुने।<br>• दिवा सेवा केन्द्रमा आउने ज्येष्ठ नागरिकका लागि खाजा, सरसफाइ र धार्मिक/सांस्कृतिक गतिविधिसहितका आधारभूत सुविधाहरू सहज रूपमा उपलब्ध भएको हुने। |

**प्रदेश र स्थानीय तहको लागत साझेदारीमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन अनुदान कार्यक्रम (साझेदारी) प्राप्त स्थानीय तह विवरणः**

| **क्र.स.** | जिल्ला | स्थानीय तह | **बजेट (रु हजारमा)** |
|---|---|---|---|
| १ | मोरङ | विराटनगर महानगरपालिका | ५०० |

| | | | |
|---|---|---|---|
| २ | मोरङ | उर्लाबारी नगरपालिको | २०० |
| ३ | सुनसरी | इटहरी उपमहानगरपालिका | ४०० |
| ४ | सुनसरी | इनरुवा नगरपालिका | २०० |
| ५ | उदयपुर | त्रियुगा नगरपालिका | २०० |
| ६ | खोटाङ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | २०० |
| ७ | सुनसरी | बराह  नगरपालिका | २०० |
| ८ | धनकुटा | धनकुटा नगरपालिका | ३०० |
| ९ | झापा | दमक नगरपालिका | ३०० |

<u>१.७ ज्येष्ठ नागरिकलाई कम्बल वितरण जहदा गापा</u>

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट (रु हजारमा) | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| ११.१.३.३३६७ | १ | ५०० | पहिलो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशबाट आ.व. २०८३/०८४ का लागि अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत कोशी प्रदेशको जहदा गाँउपालिकामा सशर्त अनुदानका रुपमा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रमगत बजेट विनियोजन गरी पठाइएको छ। |
| उद्देश्य | • चिसो तथा शीतलहरको समयमा ज्येष्ठ नागरिकहरूलाई न्यानो कपडा (कम्बल) उपलब्ध गराई चिसोबाट लाग्ने रोग तथा स्वास्थ्य जोखिमबाट जोगाउनु।<br>• विपन्न, असहाय तथा ज्येष्ठ नागरिकहरूप्रति राज्य र समाजको दायित्व बोध गराउँदै सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्नु।<br>• दैनिक जीवनयापनमा सहजता ल्याई ज्येष्ठ नागरिकहरूलाई सम्मानजनक र सुरक्षित वातावरण सिर्जना गर्नु। |
| **कार्यान्वयन प्रक्रिया** | • स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने कार्यक्रमको हकमा पालिकाले आवश्यकता पहिचान गरी कार्यपालिकाबाट निर्णय गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। |
| **मुख्य जिम्मेवारी** | सम्बन्धित स्थानीय तह, सामाजिक विकास मन्त्रालय। |
| **प्रगतिसूचक** | प्रगति प्रतिवेदन। |
| **अपेक्षितउपलब्धि** | • चिसो तथा शीतलहरको समयमा ज्येष्ठ नागरिकहरूलाई न्यानो कपडा (कम्बल) उपलब्ध भई चिसोबाट लाग्ने रोग तथा स्वास्थ्य जोखिमबाट जोगिएको हुने।<br>• विपन्न, असहाय तथा ज्येष्ठ नागरिकहरूप्रति राज्य र समाजको दायित्व बोध गराउँदै सामाजिक सुरक्षा र संरक्षण प्रदान गरिएको हुने। |

| | |
|---|---|
| | • दैनिक जीवनयापनमा सहजता ल्याई ज्येष्ठ नागरिकहरूलाई सम्मानजनक र सुरक्षित वातावरण सिर्जना भएको हुने। |

## १.८ ज्येष्ठ नागरिक एवम सामुदायिक भवन निर्माण/मर्मत, एवम आवश्यक सामाग्री खरीद तथा व्यवस्थापन लगायत अन्य कार्यक्रम

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट (रु हजारमा) | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| देहाय बमोजिम | २४ | २११०० | दोस्रो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशबाट आ.व. २०८३/०८४ का लागि अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत कोशी प्रदेशका स्थानीय तहहरुमा सशर्त अनुदानका रुपमा कार्यक्रमहरु कार्यान्वयन गर्न कार्यक्रमगत एकमुष्ट बजेट विनियोजन गरी सम्बन्धित स्थानीय तहमा पठाइएको छ। |
| उद्देश्य | • ज्येष्ठ नागरिक एवम सामुदायिक भवनको भौतिक अवस्थामा सुधार गर्नु।<br>• ज्येष्ठ नागरिक सँग सम्बन्धित संरचनाहरुको निर्माण, संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा प्रवर्द्धन गर्नु। |
| कार्यान्वयन प्रक्रिया | • स्थानीय तहले सोझै कार्यान्वयन गर्नुपर्ने कार्यक्रमको हकमा पालिकाले आवश्यकता पहिचान गरी कार्यपालिकाबाट निर्णय गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।<br>• सम्बन्धित संघसंस्थाहरुले कार्यक्रम सञ्चालनका लागि किटान गरिएको कार्यक्रमको निर्दिष्ट कार्य सम्पादनका लागि सम्बन्धित कार्यको नक्सा, ड्रइङ, डिजाइन (आवश्यक पर्ने भएमा) प्राविधिक लागत अनुमान, समितिको निर्णय सहितको प्रस्ताव पत्र सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने,<br>• संघसंस्थाहरुले कार्यक्रम कार्यान्वयनका लागि किटान नगरिएको कार्यक्रमको हकमा संस्थाको आवश्यकताहरुको प्राथमिकीकरण सहित भौतिक निर्माण कार्य भए सो कार्यको नक्सा, ड्रइङ, डिजाइन, (आवश्यक पर्ने भएमा) प्राविधिक लागत अनुमान समितिको निर्णय सहितको प्रस्ताव पत्र सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने,<br>• सम्बन्धित संघसंस्थाले कार्यक्रम कार्यान्वयनका लागि किटान नगरिएको सामाग्री खरीद तर्फका कार्यक्रमको हकमा सामग्रीको सूची र सोको स्पेसिफिकेशन सहित लागत अनुमान, प्रस्तावपत्र, संस्थाको निर्णय सहित सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने।<br>• पेश भएका कागजात र आवश्यकताका आधारमा स्थानीय तहले प्रस्ताव- |

| | |
|---|---|
| | पत्र, लागत अनुमान सहित कार्यक्रम स्वीकृत पश्चात सम्बन्धित संघसंस्थासँग सम्झौता गरी स्थानीय तहका प्राविधिकको रेखदेखमा कार्यक्रम सम्पन्न गर्नुपर्ने<br>• निर्माण भएको भौतिक संरचनाको कार्यसम्पन्न मूल्यांकन र अन्तिम मूल्यांकन समेत सम्बन्धित स्थानीय तहले गर्ने |
| **मुख्य जिम्मेवारी** | सम्बन्धित स्थानीय तह, सम्बन्धित संघसंस्था, सामाजिक विकास मन्त्रालय। |
| **प्रगतिसूचक** | • ज्येष्ठ नागरिक भवन सम्बन्धी भौतिक पूर्वाधारका संरचना निर्माण र मर्मत संभार भएका संरचना।<br>• प्रगति प्रतिवेदन। |
| **अपेक्षितउपलब्धि** | • ज्येष्ठ नागरिक भवनको भौतिक अवस्थामा सुधार भएको हुने।<br>• ज्येष्ठ नागरिक सँग सम्बन्धित संरचनाहरुको निर्माण, संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा प्रवर्द्धन भएको हुने। |

<u>स्थानीय तहमा वित्तिय हस्तान्तरण गरी पठाइएका कार्यक्रमः</u>

| **क.स.** | **जिल्ला** | **स्थानीय तह** | **क्रियाकलाप नं.** | **कार्यक्रम** | **बजेट (रु हजारमा)** |
|---|---|---|---|---|---|
| १ | मोरङ्ग | मिक्लाजुङ गाउँपालिका | ११.१.३.३९७४ | बृद्धबृद्धाक्लब ज्येष्ठनागरिक भवनमा टायल लगाउने मिक्लाजुङ ९ | ५०० |
| २ | मोरङ्ग | उर्लाबारी नगरपालिका | ११.१.३.३९९२ | गोदार थापा सेवा समाजको सामुदायिक भवन निर्माण, उर्लाबारी ३, मोरङ | ८०० |
| ३ | उदयपुर | त्रियुगा नगरपालिका | ११.१.३.४०६४ | हंस कबिर टक्सार आश्रम अधुरो भवन निर्माण सम्पन्न त्रियुगा १२ | ५०० |
| ४ | उदयपुर | कटारी नगरपालिका | ११.१.३.४३०५ | विश्वकर्मा एकता आवाज सामुदायिक भवन कटारी न पा ५ | ५०० |
| ५ | ओखलढुंगा | सिद्धिचरण नगरपालिका | ११.१.३.३७२१ | चनौटे सृजनशील सेवा समाज पूर्वाधार निर्माण, सि न पा ३ ओखलढुङ्गा | १००० |
| ६ | झापा | अर्जुनधारा नगरपालिका | ११.१.३.३४९५ | इलाम झापा मैत्री समाज भवन मर्मत झापा अर्जुनधारा ३ | ३०० |
| ७ | झापा | कमल | ११.१.३.४२१५ | गेउरिया सामुदयिक भवनको | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गाउँपालिका | | अधुरो कार्य निर्माण कमल ६, झापा | |
| ८ | झापा | शिवसताक्षी नगरपालिका | ११.१.३.२७३० | प्रगति सामुदायिक भवन निर्माण शिवसत्ताक्षी गापा ६ | १००० |
| ९ | झापा | मेचीनगर नगरपालिका | ११.१.३.३५२४ | मेचीनगर वडा नं. ७ स्थित गोमनसरीमा नयाँ सामुदायिक भवन निर्माण | १४०० |
| १० | झापा | दमक नगरपालिका | ११.१.३.४१३५ | राधाकृष्ण सामुदायिक अधुरो भवन निर्माण दमक १०, झापा | १५०० |
| ११ | झापा | दमक नगरपालिका | ११.१.३.४१५० | श्री सत्कार सामुदायिक भवन घेराबेरा निर्माण दमक ४ | ५०० |
| १२ | झापा | बुद्धशान्ति गाउँपालिका | ११.१.३.३६३२ | विपी परोपकार कोष भवन मर्मत बुद्दशान्ती १ | ५०० |
| १३ | धनकुटा | छथर जोरपाटी गाउँपालिका | ११.१.३.३६०९ | चौरघरे टोल सामुदायिक भवन निर्माण छथर जोरपाटी ५ | १००० |
| १४ | पाँचथर | फाल्गुनन्द गाँउपालिका | ११.१.३.४३०९ | सार्वजनिक शौचालय निर्माण (वसागु बजार): फाल्गुनन्द ६, पाँचथर | ८०० |
| १५ | भोजपुर | साल्पासिलिछो गाउँपालिका | ११.१.३.३७०६ | काम्लेटार कुलुङ सामुदायिक भवन निर्माण साल्पासिलिछो १ | ८०० |
| १६ | भोजपुर | षडानन्द नगरपालिका | ११.१.३.३६२७ | मगर गाउँ सामुदायिक भवन निर्माण षनपा १२ | ५०० |
| १७ | संखुवासभा | खाँदवारी नगरपालिका | ११.१.३.४२७९ | सिंहदेवी थान जेष्ठ नागरिक भवन तला यप तथा कम्पाउण्ड घेरावार खाँदबारी ३ | १००० |
| १८ | संखुवासभा | चैनपुर नगरपालिका | ११.१.३.३४६० | बहुउदेश्यशीय सामुदायिक भवन निर्माण,चैनपुर न.पा ११ | १५०० |
| १९ | सुनसरी | धरान उपमहानगरपालिका | ११.१.३.४१४१ | श्याम चोक सेवा समाज भवन ( अधुरो निर्माण ) धरान १५ | २००० |
| २० | सुनसरी | इनरुवा उपमहानगरपालिका | ११.१.३.३७७५ | जेष्ठ नागरिक भवन मर्मत सम्भार (नेपाल कुशवाहा कल्याण समिति) इनरुवा २ | ५०० |
| २१ | सुनसरी | देवानगञ्ज गाउँपालिका | ११.१.३.३३५७ | मागेन बेचनी साहेब कविर सेवा आश्रम अधूरो निर्माण कार्य देवानगंज ६ | ५०० |
| २२ | सुनसरी | इटहरी उप-महानगरपालि | ११.१.३.३६६५ | आदर्श टोल सामुदायिक भवन निर्माण इटहरी १ | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | का | | | |
| २३ | सुनसरी | इटहरी उप-महानगरपालिका | ११.१.२.६८ | वयरवन्त जेष्ठ नागरीक समाज इटहरी उ न पा ५ | १००० |
| २४ | सुनसरी | इटहरी उप-महानगरपालिका | ११.१.३.३६९० | जेष्ट नागरिक भवन मर्मत सम्भार इटहरी ६ | ५०० |
| २५ | इलाम | देउमाई नगरपालिका | ११.१.३.४०५५ | सिद्धिथुम्का सेवा समाज, देउमाई न.पा. ७ | ५०० |

## १.९ अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट (रु हजारमा) | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| विभिन्न | १३७ | १५८००० | पहिलो |

| **विषयक्षेत्र** | विवरण |
|---|---|
| **पृष्ठभूमि** | अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम (Disability Prevention and Rehabilitation Program-DPRP) जन्मदेखि १० वर्ष मुनीका बालबालिकाको स्वास्थ्य जाँच मार्फत हुनसक्ने अपाङ्गताको जोखिमन्यूनीकरण गर्दै अपाङ्गता भएका व्यक्तिहरू सहितको समावेशी समाजको निर्माण गर्ने लक्ष्य लिएको नमूना कार्यक्रम हो । कोशी प्रदेश सरकार, कोशी प्रदेशभित्रका स्थानीय तहहरू तथा साझेदार संस्था करूणा फाउण्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, कोशी प्रदेशको प्राविधिक सहयोगमा कोशी प्रदेशका स्थानीय तहहरूमा कार्यान्वयन गरिने उद्देश्य राखी आ.व. २०७६/७७ बाट सुरु भएको यस कार्यक्रमको मुख्य सरोकारवालाहरू स्थानीय स्वास्थ्य संस्था,शैक्षिक संस्था तथा अपाङ्गता भएका व्यक्तिहरूको संस्था र मिलिजुली समूहहरु हुन् । |
| **उद्देश्य** | • नवजात शिशु तथा १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य जाँच गरी जन्मदोष तथा हुनसक्ने अपाङ्गताको पहिचान र व्यवस्थापन गर्नु<br>• अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुका परिवारको जीवनको गुणस्तरमा सुधार ल्याउनु<br>• स्थानीय तहमा रही लक्षित समूहलाई सेवा प्रदान गर्ने संरचनाहरुको सुदृढीकरणमा सहयोग गर्नु |
| **कार्यान्वयन प्रक्रिया** | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८३ बमोजिम गर्नुहुन। उक्त मार्गदर्शन सामाजिक विकास मन्त्रालयको वेबसाइट http://mosdkoshi.gov.np बाट प्राप्त गर्न सकिनेछ। |
| **सम्बद्ध निकाय** | सामाजिक विकास मन्त्रालय, सम्बन्धित स्थानीय तह र सम्बन्धित संघसंस्था |
| **प्रगति सूचक** | कार्य सम्पन्न प्रतिवेदन र प्रगति विवरण। |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | • नवजात शिशु तथा १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य जाँच गरी जन्मदोष तथा हुनसक्ने अपाङ्गताको पहिचान र व्यवस्थापन भएको हुने।<br>• अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुका परिवारको जीवनको गुणस्तरमा सुधार भएको हुने।<br>• स्थानीय तहमा रही लक्षित समूहलाई सेवा प्रदानगर्ने संरचनाहरुको सुदृढीकरणमा सहयोग भएको हुने। |

## १.१० अपाङ्गता व्यवस्थापन लगायत कार्यक्रम (भवन तथा शौचालय निर्माण/मर्मत तथा आवश्यक कार्ययोजना कार्यक्रम)

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट (रु हजारमा) | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| विभिन्न | ५ | ५००० | दोस्रो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशबाट आ.व. २०८३/०८४ का लागि अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत कोशी प्रदेशका स्थानीय तहहरुमा सशर्त अनुदानका रुपमा कार्यक्रमहरु कार्यान्वयन गर्न कार्यक्रमगत एकमुष्ट बजेट विनियोजन गरी सम्बन्धित स्थानीय तहमा पठाइएको छ। |
| उद्देश्य | • अपाङ्गता संरक्षणसँग सम्बन्धित संरचनाको भौतिक अवस्थामा सुधार गर्नु।<br>• अपाङ्गता संरक्षणसँग सम्बन्धित संरचनाहरुको निर्माण, संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा प्रवर्द्धन गर्नु। |
| कार्यान्वयन प्रक्रिया | • स्थानीय तहले सोझै कार्यान्वयन गर्नुपर्ने कार्यक्रमको हकमा पालिकाले आवश्यकता पहिचान गरी कार्यपालिकाबाट निर्णय गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।<br>• अनुदान प्राप्त सम्बन्धित संघसंस्थाहरुले कार्यक्रम सञ्चालनका लागि किटान गरिएको कार्यक्रमको निर्दिष्ट कार्य सम्पादनका लागि सम्बन्धित कार्यको नक्सा, ड्रइङ, डिजाइन (आवश्यक पर्ने भएमा) प्राविधिक लागत अनुमान, समितिको निर्णय सहितको प्रस्ताव पत्र सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने,<br>• संघसंस्थाहरुले कार्यक्रम कार्यान्वयनका लागि किटान नगरिएको कार्यक्रमको हकमा संस्थाको आवश्यकताहरुको प्राथमिकीकरण सहित भौतिक निर्माण कार्य भए सो कार्यको नक्सा, ड्रइङ, डिजाइन, (आवश्यक पर्ने भएमा) प्राविधिक लागत अनुमान समितिको निर्णय सहितको प्रस्ताव पत्र सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने,<br>• पेश भएका कागजात र आवश्यकताका आधारमा स्थानीय तहले प्रस्ताव- |

| | |
|---|---|
| | पत्र, लागत अनुमान सहित कार्यक्रम स्वीकृत पश्चात सम्बन्धित संघसंस्थासँग सम्झौता गरी स्थानीय तहका प्राविधिकको रेखदेखमा कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्नुपर्ने।<br>• निर्माण भएको भौतिक संरचनाको कार्यसम्पन्न मूल्यांकन र अन्तिम मूल्यांकन समेत सम्बन्धित स्थानीय तहले गर्ने |
| **मुख्य जिम्मेवारी** | सम्बन्धित स्थानीय तह, सम्बन्धित संघसंस्था, सामाजिक विकास मन्त्रालय। |
| **प्रगतिसूचक** | • अपाङ्गता सम्बन्धी भौतिक पूर्वाधारका संरचना निर्माण र मर्मत संभार भएका संरचना।<br>• प्रगति प्रतिवेदन। |
| **अपेक्षित उपलब्धि** | • अपाङ्गता संरक्षणसँग सम्बन्धित संरचनाको भौतिक अवस्थामा सुधार भएको हुने।<br>• अपाङ्गता संरक्षणसँग सम्बन्धित संरचनाहरुको निर्माण, संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा प्रवर्द्धन भएको हुने। |

<u>स्थानीय तहमा वित्तिय हस्तान्तरण गरी पठाइएका अपाङ्गता व्यवस्थापन लगायतका कार्यक्रमहरुको विवरण:</u>

| क.स. | जिल्ला | स्थानीय तह | क्रियाकलाप नं. | कार्यक्रम | बजेट (रु हजारमा) |
|---|---|---|---|---|---|
| १ | इलाम | देउमाई नगरपालिका | ११.१.३.४०४२ | नेपाल रेडक्रस सोसाइटी मंगलवारे उपशाखा भवन निर्माण, देउमाई न.पा. ४ | ५०० |
| २ | झापा | गौरिगंज गाउँपालिका | ११.१.३.४००८ | बुधबारे बजारभित्र अपाङ्गमैत्री सार्वजनिक शौचालय निर्माण/व्यवस्थापन गौरीगञ्ज ३ | १००० |
| ३ | झापा | बुद्धशान्ति गाउँपालिका | ११.१.३.३६३२ | विपी परोपकार कोष भवन मर्मत बुद्दशान्ती १ | ५०० |
| ४ | झापा | मेचीनगर नगरपालिका | ११.१.३.३६०५ | नेपाल मानव धर्म सेवा समिति अधुरो भवन निर्माण मेचीनगर १ | २००० |
| ५ | मोरङ्ग | उर्लाबारी नगरपालिका | ११.१.३.४०२५ | नमुना बालगृह अनाथ आश्रम आवश्यक कार्ययोजना उर्लाबारी नगरपालिका मोरङ | १००० |

## १.११ सहयोगापेक्षी सडक आश्रीत मानव र सडक बालबालिका मुक्त जिल्ला घोषणा कार्यक्रम:

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट (रु हजारमा) | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| २.७.२८.११ | १४ | १४०० | दोस्रो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | कोशी प्रदेशको भूगोलभित्र कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्दै स्थानीय तहको प्रत्यक्ष नेतृत्वमा चालु आर्थिक वर्ष २०८३ भित्रै कोशी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश बनाउन आवश्यक देखिएकोले सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशबाट आ.व. २०८३/०८४ का लागि अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत कोशी प्रदेशका स्थानीय तहहरुमा सशर्त अनुदानका रुपमा कार्यक्रमहरु कार्यान्वयन गर्न कार्यक्रमगत एकमुष्ट बजेट विनियोजन गरी सम्बन्धित स्थानीय तहमा पठाइएको छ। |
| उद्देश्य | • असहाय, बेवारिसे तथा मनोरोगी व्यक्तिहरूको स्थानीय तहको नेतृत्वमा उद्धार, संरक्षण, उपचार र पुनर्स्थापना गर्नु।<br>• घरपरिवार वा समाजबाट परित्यक्त व्यक्तिहरूको पारिवारिक पुनर्मिलनलाई मुख्य प्राथमिकता दिनु।<br>• चालु आर्थिक वर्ष २०८३ भित्रै कोशी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त घोषणा गर्नु। |
| कार्यान्वयन प्रक्रिया | **सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन मार्गदर्शन,** २०८३ बमोजिम गर्नुहुन। उक्त मार्गदर्शन सामाजिक विकास मन्त्रालयको वेबसाइट http://mosdkoshi.gov.np बाट प्राप्त गर्न सकिनेछ। |
| मुख्य जिम्मेवारी | सम्बन्धित स्थानीय तह, सामाजिक विकास मन्त्रालय। |
| प्रगतिसूचक | प्रगति प्रतिवेदन |
| अपेक्षित उपलब्धि | • असहाय, बेवारिसे तथा मनोरोगी व्यक्तिहरूको स्थानीय तहको नेतृत्वमा उद्धार, संरक्षण, उपचार र पुनर्स्थापना गरिएको हुने।<br>• घरपरिवार वा समाजबाट परित्यक्त व्यक्तिहरूको पारिवारिक पुनर्मिलनलाई मुख्य प्राथमिकता दिएको हुने।<br>• चालु आर्थिक वर्ष २०८३ भित्रै कोशी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त घोषणा भएको हुने। |

**कार्यक्रम प्राप्त स्थानीय तहहरुको विवरणः**

| क्र.स. | जिल्ला | स्थानीय तह | बजेट (रु हजारमा) |
|---|---|---|---|
| १ | ओखलढुङ्गा | सिद्दिचरण नगरपालिका | १०० |
| २ | सुनसरी | धरान उपमहानगरपालिका | १०० |
| ३ | मोरङ्ग | विराटनगर महानगरपालिका | १०० |
| ४ | झापा | मेचिनगर नगरपालिका | १०० |
| ५ | खोटाङ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | १०० |
| ६ | ईलाम | ईलाम नगरपालिका | १०० |
| ७ | पाँचथर | फिदिम नगरपालिका | १०० |
| ८ | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका | १०० |
| ९ | उदयपुर | त्रियुगा नगरपालिका | १०० |
| १० | धनकुटा | धनकुटा नगरपालिका | १०० |
| ११ | संखुवासभा | खाँदवारी नगरपालिका | १०० |
| १२ | भोजपुर | भोजपुर नगरपालिका | १०० |
| १३ | ताप्लेजुङ | फुङलिङ नगरपालिका | १०० |
| १४ | तेह्रथुम | म्याङलुङ नगरपालिका | १०० |

**१.१२ सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश अभियान अनुदान (साझेदारी) कार्यक्रमः**

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट (रु हजारमा) | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| २.७.३०.५ | ३ | ४००० | दोस्रो |

| **विषयक्षेत्र** | विवरण |
|---|---|
| **पृष्ठभूमि** | कोशी प्रदेशको भूगोलभित्र कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्दै स्थानीय तहको प्रत्यक्ष नेतृत्वमा चालु आर्थिक वर्ष २०८३ भित्रै कोशी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश बनाउन आवश्यक देखिएकोले सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशबाट आ.व. २०८३/०८४ का लागि अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत कोशी प्रदेशका दुई स्थानीय तहहरुमा सशर्त अनुदानका रुपमा कार्यक्रमहरु कार्यान्वयन गर्न कार्यक्रमगत एकमुष्ट बजेट विनियोजन गरी सम्बन्धित स्थानीय तहमा पठाइएको छ। |
| **उद्देश्य** | • चालु आर्थिक वर्ष २०८३ भित्रै कोशी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त घोषणा गर्नु। |

| | |
|---|---|
| **कार्यान्वयन प्रक्रिया** | • उद्धार भएका सडक आश्रित मानवको पुनःस्थापना व्यवस्थापन तथा पुनर्मिलन लगायतका कार्य गर्ने। |
| **मुख्य जिम्मेवारी** | सम्बन्धित स्थानीय तह, सामाजिक विकास मन्त्रालय। |
| **प्रगतिसूचक** | • प्रगति प्रतिवेदन |
| **अपेक्षित उपलब्धि** | • चालु आर्थिक वर्ष २०८३ भित्रै कोशी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त घोषणा भएको हुने। |

<u>कार्यक्रम प्राप्त स्थानीय तहहरुको विवरणः</u>

| क्र.स. | जिल्ला | स्थानीय तह | बजेट (रु हजारमा) |
|---|---|---|---|
| १ | झापा | मेचीनगर नगरपालिका | १००० |
| २ | मोरङ | विराटनगर महानगरपालिका | २००० |
| ३ | सुनसरी | धरान उपमहानगरपालिका | १००० |

## <u>१.१३ बहिरा तथा स्वरबोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुको लागि सांकेतिक भाषा र सञ्चार व्यवस्थापन कार्यक्रम</u>

| क्रियाकलाप नं. | भौतिक परिमाण | बजेट (रु हजारमा) | समय अवधि(त्रैमासिक) |
|---|---|---|---|
| २.७.३०.१४ | १३ | ४७३२ | पहिलो |

| **विषयक्षेत्र** | विवरण |
|---|---|
